# विज्ञ सूची व्यवस्थापन निर्देशिका, २०७५

## (दोस्रो संशोधन, २०८० सहित)

भाषा आयोग, काठमाडौं

# विज्ञ सूची व्यवस्थापन निर्देशिका, २०७५ (दोस्रो संशोधन, २०८०)

आयोगबाट स्वीकृत मितिः २०७५/१२/११
प्रथम संशोधन २०७६/०५/१७
दोस्रो संशोधन २०८०/०९/२३

**प्रस्तावनाः** भाषा आयोगले नेपालको संविधानको धारा २८७ एवम् धारा ७(३) तथा भाषा आयोग ऐन, २०७४ को कार्यादेश बमोजिम नेपाल सरकार समक्ष सिफारिस र सुझाव पेश गर्न तथा अध्ययन, अनुसन्धान र अनुगमन गर्ने कार्यलाई प्रभावकारी एवम् व्यवस्थित बनाउने उद्देश्यले सम्बन्धित भाषाका विज्ञहरू र नेपालमा रहेका भाषासम्बन्धी काम गर्ने संस्थाहरूलाई सूचीकृत गरी क्रियाशील बनाउन वाञ्छनीय भएकाले भाषा आयोग ऐन, २०७४ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी आयोगले दोस्रो संशोधन सहित यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** यो निर्देशिका को नाम **"विज्ञ सूची व्यवस्थापन निर्देशिका, २०७५"** (**दोस्रो संशोधन,** २०८०) रहेको छ। यो निर्देशिका यस आयोगबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "आयोग" भन्नाले नेपालको संविधानको धारा २८७ अनुसार गठन भएको भाषा आयोग सम्झनु पर्दछ।

(ख) "निर्देशिका" भन्नाले आयोगले जारी गरेको विज्ञ सूची व्यवस्थापन निर्देशिका, २०७५ सम्झनु पर्दछ।

•(ग) "विज्ञ" भन्नाले कुनै भाषासँग सम्बन्धित भई दक्षता हासिल गरेका वा सोसम्बन्धी कार्यमा संलग्न आयोगमा सूचीकृत भएका व्यक्ति, संस्था वा उक्त संस्थामा आबद्ध व्यक्ति सम्झनु पर्दछ। आवश्यक देखिएमा सम्बन्धित भाषाको वक्तालाई समेत विज्ञ सूचीमा समावेश गर्न सकिनेछ।

(घ) "विज्ञ सूची" भन्नाले आयोगको कार्यमा सहजीकरणका लागि यस निर्देशिकाको दफा ७ बमोजिमको कार्य गर्नको लागि आयोगमा सूचीकृत भएका व्यक्ति वा संस्थाको सूची सम्झनु पर्दछ।

## परिच्छेद २
## विज्ञ सूची दर्ता तथा व्यवस्थापन

*३. **विज्ञ सूची दर्ताः** (१) आयोगले नेपालमा बोलिने विभिन्न भाषाका विज्ञ व्यक्ति तथा संस्थाको नाम सूचीकरण गर्न आयोगको वेबसाइटमा सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

•(२) विज्ञ सूचीमा दर्ता हुनको लागि भाषाको खोज, अध्ययन, अध्यापन, अनुसन्धान, संरक्षण एवम् उन्नयनमा निरन्तर लागि पर्ने व्यक्ति वा संस्थाले नियमानुसार क्रमशः निर्देशिकाको अनुसूची-१ वा अनुसूची-२ बमोजिमको आवेदन दिन सक्नेछन्।

---

* प्रथम संशोधनद्वारा संशोधित
• दोस्रो संशोधनद्वारा संशोधित
* प्रथम संशोधन द्वारा संशोधित



अध्यक्ष
भाषा आयोग

(३) आयोगको विज्ञ सूचीमा निर्देशिकाको दफा ४ र ५ बमोजिम योग्यता पुगेका व्यक्ति वा संस्था सूचीकृत हुन सक्नेछन्।

*(४) दफा ८ बमोजिमका कार्य गर्ने प्रयोजनका लागि विभिन्न भाषाका वक्ता, भाषावैज्ञानिक/विज्ञ, भाषाशास्त्री अनुसन्धाता र खोजकर्तालाई आयोगले आवश्यकताअनुसार विज्ञ सूचीमा समावेश गर्न सक्नेछ।

(५) भाषासम्बन्धी अध्ययन अनुसन्धानमा संलग्न कुनै विदेशी नागरिकले विज्ञ सूचीमा सूचीकृत हुन चाहेमा आयोगले निर्णय गरेबमोजिम हुनेछ।

४. **व्यक्तिगत विज्ञ सूची** : व्यक्तिगत रूपमा कुनै भाषाको विज्ञ सूचीमा सूचीकृत हुन चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको निवेदन दिनुपर्नेछ।

५. **संस्थागत विज्ञ सूची** : (१) संस्थागत रूपमा कुनै भाषाको विज्ञ सूचीमा सूचीकृत हुन चाहने संस्थाले तपसिलबमोजिमका कागजातहरूसहित अनुसूची-२ बमोजिमको निवेदन दिनुपर्नेछ:

(क) संस्था दर्ताको प्रमाणपत्रको छायाँप्रति (नवीकरणसहित)

(ख) संस्थाका वर्तमान कार्यसमितिका पदाधिकारीहरूको नाम

(ग) संस्थाको विधानको छायाँप्रति

(घ) संस्थाको कार्य अनुभवसम्बन्धी विवरण

(ङ) आयोगले मागेका अन्य आवश्यक कागजातहरू

(२) सरकारी वा सरकारी स्वामित्वमा रहेका भाषासम्बन्धी अध्ययन अनुसन्धानमा संलग्न निकाय विज्ञ सूचीमा सूचीकृत हुनु अनिवार्य हुने छैन। त्यस्ता निकायलाई आयोगले आवश्यकता अनुसार भाषासम्बन्धी कार्यमा संलग्न गराउन सक्नेछ।

६. **सूचीकरणसम्बन्धी विशेष व्यवस्था:** सूचीकरणमा नपरेका वा विशिष्ट विज्ञता भएका वा लोप हुने अवस्थामा रहेका भाषाहरूको विज्ञ सूची निर्माण गर्न आयोगले सोझै सम्बन्धित व्यक्ति वा संस्थालाई सम्पर्क गरी प्रोत्साहन गर्नेछ र निवेदनसहित आवश्यक कागजात लिई सूचीकरण गर्न सक्नेछ। यस्तो व्यवस्था आयोगले तोकेबमोजिमको भाषा र अवधिभरका लागि हुनेछ।

*७. **नवीकरण** : (१) यो निर्देशिका बमोजिम यस आयोगको विज्ञ सूचीमा एक पटक सूचीकृत भएका विज्ञहरूको लिखित असहमति वा आयोगले विज्ञ सूचीबाट हटाउने निर्णय गरेमा र मृत्यु भएमा बाहेक निजहरूको सूची ३ वर्ष सम्म स्वतः नवीकरण भएको मानिनेछ। तर नयाँ विज्ञको रुपमा सूचीकृत हुन यस निर्देशिकाको अनुसूची १ वा २ बमोजिम आवेदन दिनु पर्नेछ। प्रत्येक वर्ष बैशाख महिनामा सूचीकरणका लागि सुचना जारी गरिनेछ र सो सूची सोही वर्षको साउन १ गतेदेखि प्रभावकारी हुनेछ।

---

* दोस्रो संसोधनद्वारा संशोधित

अध्यक्ष
भा.आ आयोग

(२) आयोगले विज्ञ सूचीलाई आवश्यकताअनुसार समयसमयमा अद्यावधिक गर्नेछ।

•(३) विज्ञ सूचीमा सूचीकृत भएका व्यक्ति तथा संस्थाहरूलाई सूचीकृत भएको जानकारी आयोगको वेबसाइट र सूचनापाटीमार्फत दिइनेछ।

•(४) आयोगको कुनै कार्य सम्पादनमा विज्ञको आवश्यकता परेमा विज्ञ सूचीमा समावेश भएको व्यक्ति तथा सङ्घ/संस्थाहरूलाई प्राथमिकता दिन सकिनेछ।

(५) विज्ञ सूचीमा सूचीकृत हुँदाका बखत आयोगमा पेस गरिएका प्रमाणहरू अन्य प्रयोजनका लागि प्रयोग गरिने छैन। वैयक्तिक सूचनाको गोपनीयता कायम राखिनेछ।

८. **विज्ञहरूको कार्य तथा दायित्वः** (१) विज्ञहरूले सङ्घ, प्रदेश र स्थानीय तहमा आयोगका तपसिल बमोजिमका भाषासम्बन्धी कार्यहरूमा सहजीकरण गर्ने छन् :

(क) सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पुरा गर्नुपर्ने आधारहरूको निर्धारणसम्बन्धी कार्य,

(ख) भाषाहरूको संरक्षण, संवर्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरूको खोज अनुसन्धानसम्बन्धी कार्य,

(ग) नेपालमा बोलिने मातृभाषाहरूको पहिचान र पुस्तान्तरणसम्बन्धी कार्य,

(घ) नेपालमा बोलिने मातृभाषाहरूको संरक्षण, संवर्धन र विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहका सरकारले अपनाउनुपर्ने नीतिगत वा संस्थागत उपायहरूको खोज अनुसन्धानसम्बन्धी कार्य,

(ङ) नेपालमा बोलिने मातृभाषा लगायत अन्य भाषाहरूको इतिहासको अध्ययन अनुसन्धानसम्बन्धी कार्य,

•(च) नेपालमा बोलिने मातृभाषाको प्रयोगलाई प्रविधिसँग जोड्न कृत्रिम बौद्धिकता (Artificial Intelligence) एवम् अन्तर भाषा रुपान्तरण (Inter-language Translation) सम्बन्धी अध्ययन अनुसन्धान कार्य,

(छ) शिक्षामा मातृभाषाको स्तर पहिचान र प्रयोगको सम्भाव्यतासम्बन्धी अध्ययन कार्य,

(ज) विद्यालय र समुदायको भाषिक नक्साङ्कनसम्बन्धी कार्य,

(झ) लोकवार्ता सङ्कलन तथा अभिलेखनसम्बन्धी कार्य,

(ञ) भाषाहरूको पहिचान, सामग्री विकास र प्रकाशनसम्बन्धी कार्य,

(ट) भाषिक तथा साहित्यिक सम्पदाहरुको संरक्षण तथा प्रवर्धनसम्बन्धी कार्य,

(ठ) लोपोन्मुख भाषाको भाषावैज्ञानिक अध्ययनसम्बन्धी कार्य,

(ड) लोपोन्मुख/सङ्कटापन्न भाषाहरूको खोज, अध्ययन, अनुसन्धान, संरक्षण, संवर्धन एवम् अभिलेखीकरण कार्य,

•प्रथम संशोधनद्वारा संशोधित



अध्यक्ष
भाषा आ... 

*(ढ) भाषाहरूको लिपि, वर्ण पहिचान, व्याकरण, शब्दकोश, स्तरीकरण, पाठ सङ्कलन र विकास एवम् भाषा साहित्य विकाससम्बन्धी कार्य,

•(ण) भाषा प्रयोगशाला तथा भाषा संग्रहालयसम्बन्धी कार्य,

(त) भाषाका कार्यहरू (Status) सम्बन्धी योजना, भाषाका स्वरूप (Corpus) सम्बन्धी योजना, सिकाई (Acquisition) सम्बन्धी योजना र धारणा (Prestige) सम्बन्धी योजना निर्माण गर्ने कार्य।

(२) आयोगले आवश्यक देखेका अन्य कार्यहरूमा समेत विज्ञ व्यक्ति र संस्थाहरूको सहयोग तथा सेवा लिन सक्नेछ।

९. **विज्ञ छनोट समितिः** (१) आयोगको विज्ञ सूचीमा दर्ता हुनका लागि प्राप्त निवेदनहरूको मूल्यङ्कन गरी विज्ञ सूचीमा समावेश गर्ने प्रयोजनका लागि आयोगमा एक छनोट समिति रहनेछ।

(२) छनोट समितिको गठन देहायबमोजिम हुनेछ :

| | |
|---|---|
| (क) आयोगको सचिव | - संयोजक |
| (ख) त्रि.वि. भाषा विज्ञान केन्द्रीय विभाग प्रमुख | - सदस्य |
| (ग) आयोगको प्रशासन तथा मानव संशाधन विकास शाखा प्रमुख | - सदस्य सचिव |

(३) समितिको बैठकमा आवश्यकतानुसार बढीमा ३ जनालाई आमन्त्रण गर्न सकिनेछ।

(४) विज्ञ छनोट समिति स्थायी प्रकृतिको हुनेछ।

१०. **विज्ञ छनोट प्रक्रियाः** (१) विज्ञ छनोटका लागि देहायको प्रकिया अपनाइने छः

(क) राष्ट्रियस्तरका पत्रिका वा आयोगको वेबसाइटमार्फत आवेदन माग गर्ने,

(ख) दफा ९ बमोजिमको समितिले प्राप्त आवेदनहरूको अध्ययन गरी छनोट गरिएका व्यक्ति वा संस्थाको विज्ञ सूची आयोगसमक्ष पेस गर्ने,

(ग) आयोगको स्वीकृतिपछि विज्ञ सूची प्रकाशन गर्ने।

११. **विज्ञ छनोट समितिको बैठकसम्बन्धी व्यवस्था :** छनोट समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

## परिच्छेद ३
## विज्ञ बैठक तथा सुविधा

१२. **बैठकको अध्यक्षता :** (१) आयोगले आवश्यक ठानेको बखत विज्ञहरुको बैठक बोलाउन सक्नेछ।

(२) विज्ञहरू सम्मिलित सामूहिक बैठक अथवा विशेष बैठक बस्नु पर्दा बैठकको अध्यक्षता आयोगका अध्यक्ष वा निजले तोकेको सदस्यबाट हुनेछ।

---

* दोस्रो संशोधनद्वारा संशोधित

• प्रथम संशोधनद्वारा संशोधित

अध्यक्ष
भाषा आयोग

(३) कुनै निश्चित भाषासँग सम्बन्धित विज्ञहरूको बैठक बस्नु पर्दा बैठकको अध्यक्षता आयोगका सचिव वा निजले तोकेको उपसचिवबाट हुनेछ।

१३. **बैठक बस्ने स्थान :** विज्ञहरूको बैठक आयोगको कार्यालय परिसरमा वा आयोगले व्यवस्था गरेअनुसार अन्यत्र पनि बस्न सक्नेछ।

१४. **बैठक भत्ता तथा सुविधा :** (१) विज्ञहरूको बैठकमा उपस्थित हुने व्यक्तिलाई आयोगले नियमानुसारको भत्ता उपलब्ध गराउने छ। उक्त भत्ता करयोग्य हुनेछ।

(२) विज्ञहरूलाई आयोगको काममा आमन्त्रण गरी बोलाउँदा वा भ्रमण आदेश स्वीकृत गरी खटाउँदा नियमानुसारको दैनिक तथा भ्रमण खर्च उपलब्ध गराइनेछ।

(३) उपदफा (१) र (२) मा उल्लेख भएकोमा बाहेक तथ्याङ्क विश्लेषण, प्रतिवेदन लेखन जस्ता कार्य गर्दा विज्ञहरूले नियमानुसार सेवा सुविधा पाउनेछन्।

## परिच्छेद ४
## विविध

•१५. **विज्ञ सूचीको उपयोग :** आयोगद्वारा तयार गरिएको विज्ञ सूचीलाई आवश्यकताअनुसार सङ्घ, प्रदेश र स्थानीय सरकारका साथै आयोगसँग सहकार्य गर्ने निकाय, संघ-संस्थाले समेत उपयोग गर्न सक्नेछन्।

१६. **थपघट र हेरफेर :** आयोगले यस निर्देशिकामा आवश्यकताअनुसार थपघट र हेरफर गर्न सक्नेछ।

१७. **मान्य तथा अमान्य हुने:** (१) यस अघि आयोगले विज्ञ सूची व्यवस्थापनसम्बन्धी गरेका कार्य यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ।

(२) यस निर्देशिकामा लेखिएको कुनै कुरा प्रचलित ऐन कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

प्रमाणित गर्नेको

हस्ताक्षर ..................

डॉ. गोपाल ठाकुर

अध्यक्ष

मिति : २०८०/०९/२३

**अध्यक्ष**
**भाषा आयोग**

---

• प्रथम संशोधनद्वारा संशोधित

अनुसूची: १

<u>विज्ञ सूचीमा दर्ता हुनका लागि दिइने आवेदनको ढाँचा (व्यक्तिगत)*</u>

मिति:

श्री भाषा आयोग,
शङ्खमूल काठमाडौं।

विषय: विज्ञ सूचीमा सूचीकृत हुन पाऊँ।

प्रस्तुत विषयमा भाषा आयोगमा देहायबमोजिमको भाषामा विज्ञको रुपमा सूचीकृत हुन तपसिलमा उल्लिखित विवरणअनुसारको पुस्ट्याइँ गर्ने कागजातसहित यो आवेदन पेस गरेको छु।

तपसिल

नाम: ............................................................................ पान नं. ...................................
स्थायी ठेगाना: ...................... प्रदेश: ............................... जिल्ला ....................................
म.न.पा./उ.म.न.पा./न.पा./गा.पा .......................................... वडा नं. ..... सम्पर्क नं. ..............................................
इमेल ...................................... मातृभाषा: ................................
कार्यरत भए संस्थाको नाम: .......................................पद ......................... ठेगाना: ..............................................
सेवानिवृत्त भए पछिल्लो समय काम गरेको संस्थाको नाम: ..................................................................................................

क) विज्ञको रुपमा सूचीकृत हुन चाहेको भाषाको नाम (प्राथमिकता क्रममा राखे)

१.
२.
३.

ख) विज्ञताको क्षेत्र (गोलो घेरा (o) लगाउनुहोस्)

| क.स. | क्षेत्र | क.स. | क्षेत्र |
|---|---|---|---|
| १ | वर्ण/लिपि निर्धारण | ९ | मातृभाषामा शिक्षा |
| २ | शब्द सङ्कलन र शब्दकोश निर्माण | १० | अनुवाद |
| ३ | पाठ सङ्कलन | ११ | भाषिक वृतचित्र निर्माण |
| ४ | लोकवार्ता | १२ | भाषा साहित्य लेखन (कथा,कविता,निबन्ध......) |
| ५ | समाजभाषा विज्ञान अनुसन्धान | १३ | भाषा प्रविधि |
| ६ | व्याकरण लेखन | *१४ | भाषा स्रोतव्यक्ति |
| ७ | भाषिक इतिहास लेखन | *१५ | भाषिक सर्वेक्षण |
| ८ | भाषा कक्षा सञ्चालन | १६ | अन्य ................................................ |

ग) शैक्षिक योग्यता

| क.स. | शैक्षिक उपाधि | अध्ययन गरेका मुख्य विषय | बोर्ड |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

घ) कार्य अनुभव

......................................................................................................................................................

ङ) भाषासँग सम्बन्धित कुनै पुस्तक, लेखरचना, अनुसन्धान आदि कार्य गरेको भए

| क.सं. | सामग्रीको नाम | प्रयोजन | प्रकाशन वर्ष | प्रकाशक |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

च) भाषिक सङ्घ/संस्थासँगको आबद्धता

| क.सं. | सङ्घ/संस्थाको नाम | ठेगाना | पद | गरेका केही उल्लेख्य कार्य |
|---|---|---|---|---|
| | | | | |

निवेदकको सही .....................................

(नोट: यस निवेदनसँगै आफ्नो नागरिकताको प्रमाणपत्रको छायाप्रति पनि संलग्न गर्नुहोला)

* प्रथम संशोधनद्वारा संशोधित
* दोस्रो संशोधनद्वारा संशोधित
* दोस्रो संशोधनद्वारा संशोधित

अध्यक्ष
भाषा आयोग

अनुसूचीः २

विज्ञ सूचीमा दर्ता हुनका लागि दिइने आवेदनको ढाँचा (संस्थागत)*

मितिः

श्री भाषा आयोग,
शङ्खमूल काठमाडौं।

विषयः विज्ञ सूचीमा सूचीकृत हुन पाउँ।

प्रस्तुत विषयमा भाषा आयोगमा देहायबमोजिमको भाषामा विज्ञको रुपमा सूचीकृत हुन तपसिलमा उल्लिखित विवरणअनुसारको पुस्ट्याइँ गर्ने कागजातसहित यो आवेदन पेस गरेको छु।

तपसिल

संस्थाको नामः ..............................................................

ठेगानाः प्रदेश .......................... जिल्ला .................. म.न.पा./उ.म.न.पा./न.पा./गा.पा ...............................................

वडा नं. .......... सम्पर्क नं. .................................... इमेल ..................................................................

(क) विज्ञको रुपमा सूचीकृत हुन चाहेको भाषाको नाम (प्राथमिकता क्रममा राखे)

१.

२. ३

(ख) संस्थामा उपलब्ध विज्ञहरूको विवरण

| क्र.सं. | संस्थागतको नाम र ठेगान | विज्ञता रहेको भाषा(लागू हुनेमा) | विज्ञताको क्षेत्र (तल तालिका ग बाट एक वा एक भन्दा बढी क्षेत्र उल्लेख गर्नुहोस्) |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

(ग) विज्ञताको क्षेत्र

| | | | |
|---|---|---|---|
| १. वर्ण/लिपि निर्धारण | ५. समाजभाषा विज्ञान अनुसन्धान | ९. मातृभाषामा शिक्षा | १३. भाषा प्रविधि |
| २. शब्द सङ्कलन र शब्दकोश निर्माण | ६. व्याकरण लेखन | १०. अनुवाद | १४. अन्य ............... |
| ३. पाठ सङ्कलन | ७. भाषिक इतिहास लेखन | ११. भाषिक वृतचित्र निर्माण | |
| ४. लोकवार्ता | ८. भाषा कक्षा सञ्चालन | १२. भाषा साहित्य लेखन (कथा,कविता,निबन्ध......) | |

(घ) भाषासँग सम्बन्धित कुनै पुस्तक, लेखरचना, अनुसन्धान आदि कार्य गरेको भए

| क.सं. | सामग्रीको नाम | प्रयोजन | प्रकाशन वर्ष | प्रकाशक |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ङ) संस्थाले भाषाको क्षेत्रमा गरेका कामको विवरण

.......................................................................................................................................................

च) विज्ञ सूचीमा सूचीकृत हुन निम्न बमोजिमका प्रमाणहरु संलग्न गर्नुहोला

| क.सं. | विवरण | छ | छैन |
|---|---|---|---|
| १ | संस्था दर्ताको प्रमाणपत्र (नवीकरणसहित) | | |
| २ | संस्थाका वर्तमान कार्यसमितिका पदाधिकारीहरुको नाम | | |
| ३ | संस्थाको विधानको छायाप्रति | | |

पदाधिकारीको नामः

पदः अध्यक्ष

दस्तखतः ..................................

अध्यक्ष
भाषा आयोग

* प्रथम संशोधनद्वारा संशोधित